नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

च.नं. ३२/०८३

## मानवअधिकारको सम्मान र विधिको शासनका लागि अपिल

वर्तमान सरकार आएपछि राज्यका विभिन्न अंग तथा संवैधानिक पदमा रही देशको सेवा गरिसकेका व्यक्तिहरूलाई प्रचलित संवैधानिक तथा कानूनी व्यवस्था एवं नेपाल पक्ष भएका विभिन्न मानवअधिकार कानूनहरूले सुरक्षित गरेको सम्मानित जीवनयापन गर्ने हक तथा स्वतन्त्रताको हक समेतको गम्भीर उल्लंघन हुने किसिमले प्रचलित संवैधानिक तथा कानूनी व्यवस्था विपरीत बिना कुनै कसुर पक्राउ गर्ने, हिरासतमा राख्ने कार्य गरी व्यक्तिको मान मर्दन गर्दै आएको घटनाक्रमको निरन्तरताको रूपमा नेपाल सरकारबाट पूर्व प्रधानन्यायाधिश समेत रहेका व्यक्तिलाई मिति २०८३/०६/११ गते राती बिना कुनै कसुर पक्राउ गरी हिरासतमा राखी छोड्ने कार्य थपिन आएको छ । सरकारको यस्तो स्वेच्छाचारी कार्यप्रति नागरिक अधिकार र मानवअधिकार क्षेत्रमा कार्यरत सबै व्यक्ति तथा संगठनको गम्भीर चासो रहन्छ । नेपाल मानव अधिकार संगठनको पनि यस घटनाप्रति गम्भीर रूपले ध्यान आकृष्ट भएको छ ।

कुनै पनि व्यक्तिलाई बिना कसुर स्वेच्छाचारी ढंगले राज्यले नियन्त्रणमा लिने कार्य नेपालको संविधान, वैयक्तिक अधिकार, प्रचलित कानुन, नेपाल पक्ष राष्ट्र भई हस्ताक्षरित मानवअधिकार कानुन तथा मानवअधिकार विश्वव्यापी घोषणापत्र समेतको उपहास हो भन्ने यो संगठनको ठहर छ । नेपाल संवैधानिक सर्वोच्चता रहेको लोकतान्त्रिक मुलुक भएकोले संविधान र प्रचलित कानुनबमोजिम मात्र पारदर्शी ढंगले आफ्ना जिम्मेवारी पूरा गर्नु सरकारको ऐच्छिक नभई अनिवार्य कर्तव्य हो भन्ने कुरा वर्तमान सरकारलाई यो संगठन स्मरण गराउँदछ ।

अतः लोकतान्त्रिक प्रणाली पदिय व्यक्तिको मनोमालिन्य र स्वेच्छाचारिताबाट नभई मानवअधिकार, शक्ति सन्तुलनको सिद्धान्त, संविधानवाद, विधिको शासन र मौलिक तथा वैयक्तिक अधिकारको सम्मानबाट मात्र चल्न सक्ने हुनाले वर्तमान सरकार लगायत सम्पूर्ण सरोकारवाला व्यक्ति तथा निकायहरूमा राज्यशक्तिको दुरुपयोग र स्वेच्छाचारिताबाट शासन नगर्न तथा संविधान र लोकतान्त्रिक मूल्य मान्यता अनुरूप विधिको शासनको सम्मान गर्न यो संगठन हार्दिक अपिल गर्दछ ।

२०८३/०६/१२

नेपाल मानव अधिकार संगठन HUMAN RIGHTS ORGANISATION OF NEPAL HURON केन्द्रीय कार्यालय, काठमाडौं

इन्द्र प्रसाद अर्याल
अध्यक्ष